फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

# नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## (वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ

पत्र संख्या:-२०७८/७९
चलानी नं.:- २०४

मितिः २०७८/०९/१४

**विषयः शितलहरको व्यवस्थापन सम्बन्धमा।**

श्री गाउँपालिका/नगरपालिका,
(सबै) ।

यस वर्षको हिउँदयाम सुरु भएसँगसँगै हिमाली तथा उच्च पहाडी भू-भागमा हिमपात तथा तराईका भू-भागमा शितलहरको जोखिम रहेको हुँदा सम्भाव्य प्रकोपहरुबाट सुरक्षित रहनका लागि पूर्वतयारी तथा देहाय अनुसारका आवश्यक व्यवस्थापनका लागि आदेशानुसार अनुरोध छः

देहायः

१. वडा विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाई हरेक वडा तथा टोलमा चिसो मौसमका सम्भाव्य प्रकोप तथा सोबाट बच्ने उपायका सम्बन्धमा सचेतना जगाउने,
२. आवश्यकता अनुसार दाउरा, इन्धन, कम्बल जस्ता सामग्रीको भण्डारण तथा वितरणको व्यवस्था मिलाउने,
३. चिसोबाट बच्न आगोबाल्दा हुनसक्ने आगलागी लगायतबाट हुन सक्ने जनधनको क्षतिबाट बच्न स्थानीयबासीलाई सुचित गर्ने,
४. चिसो मौसममा हुन सक्ने सम्भाव्य प्रकोपबाट असह्याय तथा विपन्न ज्येष्ठ नागरिक, गर्भवती तथा सुत्केरी महिला, बालबालिका, अपांगता भएका व्यक्ति, दिर्घरोगी लगायतका व्यक्तिहरुको सुरक्षाकोलागि आवश्यक प्रबन्ध मिलाउने,
५. आवश्यकता अनुसार न्यानो कपडाको भण्डारण तथा वितरण गर्ने व्यवस्था मिलाउने,
६. स्थानीय तहमा क्रियाशील सरकारी तथा गैह्रसरकारी निकायहरुसँग समन्वय गरी हिमपात, चिसो तथा शितलहरको लागि पूर्वतयारी तथा प्रतिकार्यको प्रबन्ध मिलाउने,
८. स्थानीय तहमा मानवीय सहायतामा क्रियाशील सरोकारवाला निकाय र संस्थाहरूसँग नियमित समन्वय गरी अति विपन्न तथा असह्याय वर्गलाई आवश्यक परे खाद्यान्न तथा अन्य राहत उपलब्ध गराउन समन्वय गर्ने,
८. चिसोको कारणले हुनसक्ने स्वास्थ्य सम्बन्धी समस्यालाई रोकथाम गर्न स्थानीय स्वास्थ्य संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने,
९. हिमपात तथा शितलहरको व्यवस्थापनको सम्बन्धमा मन्त्रालयले गर्नुपर्ने समन्वय र सहजिकरणको विषय भए मन्त्रालयको वातावरण तथा विपद् व्यवस्थापन शाखा (dreportingsystem@gmail.com)मा प्रेषित गर्ने,

२०७८।९।१४
(रीनु थपलिया)
शाखा अधिकृत

**बोधार्थः**
श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाण्डौं,
श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाण्डौं,
श्री सूचना तथा प्रविधी शाखाः- मन्त्रालयको वेभसाईटमा अपलोड गरिदिनुहुन ।